# प्रधानमन्त्रीको नेपालका प्रधानमन्त्रीसँग भेटघाट

## सन् २०२४ सेप्टेम्बर २२ (मिति २०८१ आश्विन ६ गते )

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले नेपालका सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीसँग आज संयुक्त राष्ट्र संघको ७९औं महासभाको साइडलाइनमा भेटवार्ता गर्नुभयो।

२. दुवै प्रधानमन्त्रीले भारत र नेपालबीचको विशिष्ट र गहिरो द्विपक्षीय सम्बन्धमाथि समीक्षा गर्नुका साथै विकास साझेदारी, जलविद्युत सहकार्य, जनता-जनताबीचको सम्बन्ध र भौतिक, डिजिटल तथा ऊर्जाको क्षेत्रमा कनेक्टिभिटी अभिवृद्धि लगायत विविध क्षेत्रमा भएको प्रगतिप्रति सन्तोष व्यक्त गर्नुभयो।

३. प्रधानमन्त्रीले पूर्ण सदस्यको रूपमा अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आईएसए) मा सामेल भई नेपाल १०१ औं राष्ट्र बन्न पुगेकोमा बधाई दिनुभयो र जलवायु परिवर्तनले निम्त्याएको चुनौतीसँग जुध्न क्षेत्रीय सहकार्यको महत्वमाथि जोड दिनुभयो।

४. छिमेकी पहिलो नीति अन्तर्गत नेपाल भारतको प्राथमिकतामा पर्ने साझेदार हो। यस भेटघाटले हाम्रो छिमेकी पहिलो नीतिलाई अझ अगाडी बढाउन भारत र नेपालबीचको नियमित उच्चस्तरीय आदानप्रदानको परम्परालाई निरन्तरता दिएको छ।

न्यूयोर्क

सन् २०२४ सेप्टेम्बर २२ (मिति २०८१ आश्विन ६ गते )